# समाज एकिकरण अभियान संयोजन् समिती यु.के. को प्रतिवेदन २०१८

सर्वप्रथम, बेलायतबासी पुनहरु सबै एक हुनु पर्छ दुबै समाज एकता हुनु पर्छ भन्ने सबै पुनहरुको चाहना, भावना र इच्छालाई बुझेर नै बिगत दुई बर्ष देखी अनौपचारिक् रुपमा सम्बन्धित ब्यक्तिहरु सँग छलफल चलाऊदै आएका थियौ। दुबै समाजका  कार्यसमितीहरुको ईच्छा पनि एक हुनु पर्छ भन्ने देखियो र यसलाई औपचारिक रुप दिनको लागि दुबै संस्था को साधारण सभामा दुबै समाज एकता प्रस्ताब् पारीत गरिदिनु हुनको लागि अनुरोध गरियो र दुबै संस्थाको साधारण सभा बाट पारीत पनि भयो र हामी ६ जना समाज एकिकरण संयोजन् समितीमा नियुक्त भै दुबै समाज एकता अभियानको सुरुवात गरेका थियौ। समाज एकिकरण अभियान समितीको जिम्मेवारी दिनु भएकोमा पुन समाज यु.के. र पुन मगर समाज यु.के. दुबै संस्थालाई धन्यवाद ब्यक्त गर्दछौ।

२०१३ सालमा पुन समाज बिभाजन हुनु लज्जित अनी दु:खको कुरा थियो। बुझेर वा नबुझेर जे भए पनि समाज बिभाजन हुनु गलत थियो। त्यस बेला पनि एकता प्रयास नभएको भने होइन तर एकता हुन सकेन। अहिलेको एकता संयोजन् समितीमा रहेका हामी ६ जना बिभिन्न सामाजिक संस्थाहरुमा काम गरेको अनुभबको आधारमा अवस्य पनि सक्षम छौ भन्ने हौसलाका साथ हाम्रो तर्फ बाट दुबै समाजलाई एकता गर्नको लागि सक्दो समन्वयकारी भूमिका निर्वाह पनि गरेका थियौ।

समाज बिभाजनको चार बर्षको अवधिमा दुबै समाज बाट केही राम्रा कामहरु पनि अवस्य भएका छन तर हाम्रो समाज भित्रको बिबादले गर्दा समाजलाई बहिर बाट हेर्दा ठिकै देखिए पनि समाज भित्र भित्र कम्जोर बन्दै गएको कुरा लुकाई रहन जरुरी पनि छैन। बेलायतमा हाम्रो समाज खोल्नुको मुख्य उदेश्य बेलायतमा बस्ने पुनहरुको दु:ख सुखमा साथ दिनु, सेवा सहयोग आदान प्रदान गर्नु गराउनु थियो र त्यस पछी मात्र हाम्रो पहिचान, हाम्रो संस्कार् सॅस्कृति र परम्पराहरुको कुराहरु आउछ। तर यो बिभाजित अवस्थामा बेलायतबासी पुनहरुको स्थिती यस्तो बन्दै गयो कि एउटा पुन मर्दा समेत् कुन चाँही समाजको पुनको मित्र्यु भयो  र अर्को समाजको पुन रहेछ भने कि त जादै नजाने र गैहाले पनि एक भाई वल्लो  कुना र अर्को भाई पल्लो कुनामा बस्ने अनी बोल्नु त के अनुहार समेत् हेराहेर नहुने परिस्थिती बन्दै

गयो। हाम्रा भावी सन्तान सन्ततिहरुलाइ पहिचान सिकाउने भनियता पनि समाज भित्रको बिबादले गर्दा समाज प्रती उनिहरुको चासो घट्दै गयो। यत्ती मात्रै होइन छोराछोरिहरुको विवाह वर्तनमा समेत् पुन समाज र पुन मगर समाजको सोलिडोलिमा नकारात्मक सोच बन्न थाल्यो। समाजको नाम र पहिचानको कुरामा यो भन्दा ठुलो बिकृति अरु के हुन सक्छ ? त्यसैले यही अप्ठ्यारा परिस्थितीहरुलाई सदाको लागि अन्त गर्नको लागि वा सहज् गराउनको लागि एकताको प्रयास गरिएको थियो। अब बिगतलाई कोट्टाएर एकले अर्कोलाई दोष थुपारेर मेरो वा तेरो कम्जोरी भनेर फाईदा छैन। बेलायतमा बसेर अहिलेलाई नेपालको कुराहरुलाई जोडेर यहाँ बहस गर्नु पनि जरुरी छैन। किनकी यत्ती बेला बेलायतबासी पुनहरुको अहिलेको आवस्यकता भनेको दुबै समाजको एकता हो। माथि उल्लेखित समस्याहरु नयाँ पनि होइनन र नबुझेका पनि होइनन तर चाहे त्यो सिद्धान्तको हिसाबले होस् वा पहिचानको वा ब्यक्तिगत रिसिबीको होस् समस्याहरु समाधान भन्दा झनै बिभाजन उन्मुक देखियो। हाम्रो बुझाईमा एकताले नै समाज बन्ने हो समाजको नामाकरण र बिधी बिधान बन्ने हो र एकताले नै हाम्रो पहिचान बलियो हुने हो। बेलायतमा सबै पुनहरु एक हुने हो भने यहाँको हरेक क्षेत्रमा पुनहरुको प्रतिनिधित्व, नेत्रित्व पनि र सांगठनिक, आर्थिक अनि नैतिक जुनसुकै हिसाबले पनि बलियो बन्ने थियौ। तर दु:ख को कुरा बेलायतबासी हजारौ पुनहरुको एकता चाहना भन्दा बिगतमा झै आ-आफ्नै ढिप्पी र स्वार्थ बाट यो समाज अलग रहन सकेन र वार्ता प्रकृया फेरी अबरुद्ध हुन पुग्यो। यो एकता प्रयास किन कसरी अबरुद्ध हुन गयो भन्ने कुराहरु अब बेलायतबासी पुनहरुले खोज्न जरुरी छ र खोज्नेछन पनि भन्ने हामीलाई लागेको छ।

समाज एकता अभियान संयोजन् समितिले एकता प्रयासको लागि गरेका र निर्णय भएका कुराहरु सम्पूर्ण बेलायतबासी पुनहरुमा सार्वजनिक गरिएको छ। यो हाम्रो लिखित प्रतिवेदन भएता पनि दुबै समाजको संयुक्त वार्ताको भिडियो रेकर्ड समेत् हामीले राखेको जानकारी गराउन चाहन्छौ।

पुन समाज / पुन मगर समाज युके

## समाज एकिकरण संयोजन् समिती को पहिलो बैठक र निर्णयहरु निम्न छन :

१. पुन समाज युके को अधिवेशन बाट एकता अभियानको लागि तिन सदस्यीय संयोजन समिति पारित भएकोमा पुन मगर समाज युकेको अधिवेशन बाट पनि संयोजन

समितीमा दुई जना थप्रे प्रस्ताव आएकोले दुवै समाजको प्रस्तावलाई सहमति गर्दै भिडियो र फोटोका साथ अभिलेख राख्नु पर्ने भएकोले एक सदस्य थप गरी ६ सदस्यीय समाज एकीकरण अभियान संयोजन समिति बनाउने निर्णय गरियो।

२. समाज एकीकरण संयोजन समिती युके को सदस्यहरुको कार्य विभाजन निम्न अनुसार गरियो।

१. संकयोजक -: अर्जुन तिलिजा
२. सह संयोजक -: गंगा खोरजा
३. सदस्य सचिव -: ईन्द्र पुर्जा
४. सह सचिव/कोष -: थमन खोरजा
५. प्रवक्ता -: कुमार फगामी
६. मिडिया -: भिम पुर्जा

३. समाज एकीकरण संयोजन समिति युके २०१८ को आचार संहिता

**क.** समाज एकीकरण अभियान समितीमा बसेर हामी निष्पक्ष रुपमा दुवै समाजको बिचमा मध्यस्थ कर्ता गर्दै संयोजनकारी भूमिका बहन गर्नेछौ ।

**ख.** समाज एकीकरण अभियान संयोजन समिती युकेमा रहेका हामी सबै सदस्यहरु पुन समाज वा पुन मगर समाज युकेको कार्यसमिती,शाखा समिती वा सल्लाहकार पदमा रहेको भए आजको मिति देखि दुवै समाजको उल्लेखित कुनै पनि पदमा यो अभियान समापन नहुदा सम्म (साधारण सदस्य बाहेक) नरहेको घोषणा गर्दछौ ।

**ग.** दुवै समाज सगको संयुक्त वार्तामा बस्दा समाज एकीकरण संयोजन समितीले गरेको सामुहिक निर्णय भन्दा बाहिर गएर कुनै पक्षको बिषयलाई मात्रै समर्थन गर्दै बोल्न पाउने छैन।

**घ.** समाज एकीकरण अभियान संयोजन समिती युकेको बैठकमा भएका निर्णय वा छलफलहरु समितीको अनुमति बिना बाहिर जानकारी दिनु पाऊने छैन ।

**ङ.** समाज एकीकरण अभियान संयोजन समितीका निर्णयहरु, छलफलहरु र दुवै समाज सग वार्तामा भएका छलफलका निर्णयहरु संयोजन समितीको अनुमति बिना बाहिर सामाजिक संजालहरु (भाइवर, फेसबुक, म्यासेन्जर) मा राख्न पाउने छैन। यदि जानकारी दिनु नै परेमा संयोजन समितीको संबन्धित जिम्मेवारी तोकिएको सदस्यले मात्र जानकारी दिनु पाउने छ।

पुन समाज /पुन मगर समाज युके

४. दुवै समाजले समाज एकीकरण अभियान संयोजन समितीलाई र एकताको लागि बार्तामा बस्ने प्रस्ताब अधिवेशन बाट पारित गरि दिई एकीकरण प्रस्तावलाई सहजीकरण गरिदिनुभएकोमा धन्यबाद सहित आजको केहि निर्णयहरु पनि जानकारी गराउन पत्राचार गर्ने निर्णय गरियो।
५. दुवै समाजलाई संयुक्त बार्तामा बस्दा केहि नियम र परिधि भित्र राख्नको लागि दुवै समाजको लागि केहि आचार संहिता बनाउने र यसको जिम्वेवारी संयोजक र सदस्य सचिवलाई दिने निर्णय गरियो ।
६. पुन समाज र पुन मगर समाज युके लाइ संयुक्त बार्तामा बस्नको लागि मे महिनामा बैठक बोलाउने निर्णय गरियो हलको जिम्वेवारी संयोजक ज्युले लिने र दुवै समाजलाई उपयुक्त समयको समन्वयकारी गर्ने जिम्वेवारी प्रवक्ता ज्युलाइ दिइएको छ ।
७. दुवै समाजलाई एकिकरण गर्नको लागि बेलायत स्थित पुन समाज र पुन मगर समाज वा तठस्थ रुपमा बसेका पुन बुद्धिजीवीहरुलाई बोलाएर सुझाब, सल्लाह लिने निर्णय गरियो मिति स्थान र समयको बारेमा फोन मार्फत जानकारी दिइनेछ ।

## समाज एकिकरण संयोजन् समिती र पुन बुद्धिजिविहरु सँग समाज एकताको लागि सल्लाह सुझाब संकलन को लागि बसेको दोस्रो बैठक र निर्णयहरु :

समाज एकता संयोजन समिती र बुद्दिजीवी ज्युहरूको सुझाब संकलन तथा परामर्श बैठक बाट समाज एकताको लागी मिलन बिन्दुका प्रस्तावहरु निम्न लिखित रुपमा तयार पारिएको छ।

१. एकिकृत नयाँ बिधान लेख्ने ।
२. दुबै समाजलाई मान्यता दिदै कुनै एकमा बिलय भएको नभई नयाँ एकता को आधार बनाउने ।
३. पुनहरुको भेष भुषा तोकिएको भएता पनि बेलायतमा बस्ने नेपाल अधिराज्य भित्रका सबै पुनहरुको आ-आफ्नै मौलिक भेष भुषाहरुलाई पनि समाजले मान्यता दिने ।
४. कसैको पनि भात्री संगठन नहुने।
५. सुचिक्रितको बिषय नेपालको बिषय भएकोले बेलायत बाट संस्थागत रुपमा सहयोग, समर्थन तथा बिरोध पनि नगर्ने ।
६. मगर संघ युके संग कार्यगत एकता कायम गरि घनिष्ठ संबन्ध राख्ने ।
७. समाजको औपचारिक कार्यक्रम गर्दा वा कतै समाजले भाग लिने कार्यक्रमहरुमा मगर संघ युकेले लिखित अनुमती दिएमा मगर संघको लोगो र झण्डा पनि प्रयोग गर्ने ।

८. समाजको नामाकरणको बिषयमा सर्वसम्मती खोज्ने कदम कदाचित पनि सहमती हुन नसकेमा बुद्धिजीविज्युहरुको सुझाबहरुलाई लिदै सम्पुर्ण पुन थर अन्तर्गत पर्नुहुने ब्याक्तिहरुको बिशेष भेला बोलाई सो भेला बाट निष्कर्ष गराउने वा के गर्ने भन्ने बारेमा सहमती खोज्ने ।

९. समाज एकिकरण को लागि निष्कर्षमा पुग्न केहि समय लाग्ने भएको हुदा दुवै समाजको अब आउने सबै कार्यक्रमहरु दुवै समाजको संयुक्त आयोजनामा गर्दै जाने ।

१०. थप समाजको आ-आफ्नै सुझाब वा मिलन बिन्दुका बुदाहरु हुन सक्नेछन ।

**निम्नानुसार बुध्दिजिवी ज्युहरुलाइ टेलिफोन निमन्त्रणा गरिएको भएता पनि उपस्थिति बुध्दिजिवी ज्युहरु यस प्रकार हुनुहुन्छ ।**

समाज एकता अभियान संयोजन समितीको सल्लाह सुझाव संकलन कार्यक्रममा उपस्थित भई समाज एकताको लागि आफ्नो अमुल्य समय, सुझाब र सल्लाह दिनुहुने निम्न लिखित माहानुभावहरुलाइ धेरै धेरै धन्यबाद भन्दै उपस्थितिको हस्ताक्षर गराउदछौं।

25-MARCH-2018

| क्र/संख्या | नाम | हस्ताक्षर |
|---|---|---|
| १ | अङ्ग गर्बुजा | |
| २ | अति प्रसाद पुन | |
| ३ | उमेश पुन | |
| ४ | कमल पुर्जा | |
| ५ | कृष्ण तिलिजा | |
| ६ | खिम पुन | |
| ७ | गङ्गा बहादुर पुन | |
| ८ | चन्द्र पुन | |
| ९ | जङ्ग पुन | |
| १० | दूध पुन | |
| ११ | दल बहादुर पहरे | |
| १२ | नर पुन (पुर्ब माननीय) | |
| १३ | नर देव पुन | |
| १४ | फबेन्द्र खोर्जा | |
| १५ | बिष्णु पुन | |
| १६ | बिल पुर्जा | |
| १७ | बिर्ख पुर्जा | |
| १८ | मान पुर्जा | |
| १९ | मनबिर पाइजा | |
| २० | योगकुमार फगामी | |
| २१ | रुद्र पाइजा | |
| २२ | रुग पुर्जा | |
| २३ | राजु सेर्पुजा | |
| २४ | लक्ष्मन पुन | |
| २५ | वीर बहादुर पाइजा (DSM) | |
| २६ | सेर पुन | |
| २७ | सान्त पुर्जा | |
| २८ | सुर्य गर्बुजा | |
| २९ | हरि फगामी | |
| ३० | भिम पुर्जा | |
| 31 | भिम बहादुर पुन | |

## समाज एकिकरण संयोजन् समितीको तेस्रो तथा पुन समाज र पुन मगर समाज युकेका पदधिकारी ज्युहरु सँग बसेको पहिलो वार्ता / बैठकमा भएका निर्णयहरु :

छलफल गरिएका बुदाहरु निम्नानुसार छन्।

१. एकिकृत नयाँ बिधान लेख्ने।

२. दुबै समाजलाई मान्यता दिदै कुनै एकमा बिलय भएको नभई नयाँ एकता को आधार बनाउने।

३. पुनहरुको भेष भुषा तोकिएको भएता पनि बेलायतमा बस्ने नेपाल अधिराज्य भित्रका सबै पुनहरुको आ आफ्नै मौलिक भेष भुषाहरुलाई पनि समाजले मान्यता दिने।

४. कसैको पनि भात्री संगठन नहुने।

५. सुचिक्रितको बिषय नेपालको बिषय भएकोले बेलायत बाट संस्थागत रुपमा सहयोग, समर्थन तथा बिरोध पनि नगर्ने।

६. मगर संघ युके संग कार्यगत एकता कायम गरि घनिष्ठ संबन्ध राख्ने।

७. समाजको औपचारिक कार्यक्रम गर्दा वा कतै समाजले भाग लिने कार्यक्रमहरुमा मगर संघ युकेले लिखित अनुमती दिएमा मगर संघको लोगो र झण्डा पनि प्रयोग गर्ने।

८. समाजको नामाकरणको बिषयमा सर्वसम्मती खोज्ने र यदी सहमती हुन नसकेमा बुद्धिजीविज्युहरुको सुझाबहरुलाई लिदै सम्पुर्ण पुनहरुको बिशेष भेला बोलाई सो भेला बाट निष्कर्ष गराउने वा के गर्ने भन्ने बारेमा सहमती खोज्ने।

९. समाज एकिकरण को लागि निष्कर्षमा पुग्न केहि समय लाग्ने भएको हुदा दुवै समाजको अब आउने सबै कार्यक्रमहरु दुवै समाजको संयुक्त आयोजनामा गर्दै जाने।

१०. यदि समाजको नया बैकल्पिक नाममा सहमति भइ एकता अधिवेशन आयोजक समिति युके गठन गरिने भएमा १५ जुलाई २०१८ को दिन बस्ने दोस्रो चरणको संयुक्त बैठकमा दुवै समाजका सम्पुर्ण सल्लाहकार ज्युहरु देखि सम्पुर्ण केन्द्रीय कार्यसमिती ज्युहरु, महिला विभागका सम्पुर्ण कार्यसमिती ज्युहरु र युवा क्लबका सम्पुर्ण कार्यसमिती ज्युहरुको उपस्थिति हुन सक्नेछन ।

पुन समाज / पुन मगर समाज युके

माथि उल्लेखित बुदा नम्बर १ देखी बुदा नम्बर ७ र बुदा नं १० पुन समाज यु.के. र पुन मगर समाज यु.के. को सहमति भयो तर उल्लेखित बुदा नम्बर ८ र ९ मा भने फरक मत आएकोले निम्नानुसार निर्णय गरियो।

बुदा नम्बर ८ उपर समाजको नामाकरणको बिषयमा छलफलमा दुवै समाजको आ-आफ्नै अडान रहेकोले पुन समाज यु.के.का बार्ता समिती सदस्य ज्यु बाट अहिलेलाई पुन समाज र पुन मगर समाज यु.के. को नामलाई स्थगित गरी निस्चित समय तोकेर कर्बांकेली वा अरु कुनै बैकल्पिक नाममा दुवै समाज एकिकृत हुने अनि एकताको बिशेष अधिवेसन बोलाउने र अधिवेशनले नामको बारेमा भए सम्म  सहमति र नभएमा बहुमतीय प्रणाली अन्तर्गत भएपनि टुङ्गो लगाउन सक्ने गरि सहमति गर्दा कस्तोहोला भनि राखिएको प्रस्ताबमा उपस्थित सबैको सहमति भएपछी अब आ-आफ्नो समाजमा फर्किएर यसैलाई पारीत गराई ल्याउने प्रयास गर्ने र आउदो १५ जुलाई २०१८ मा अर्को दोस्रो बैठक बस्नेगरी सहमति गरियो।

बुदा नम्बर ९ उपर छलफलमा संयुक्त कार्यक्रम गर्न अलि अप्ठ्यारो अनि झन्जटिलो हुने देखिएकोले “समाज एकिकरण निष्कर्षमा पुग्न केहि समय लाग्ने भएकोले अब आउने दुवै समाजको भावी कार्यक्रमहरुमा दुवै समाजका सबै कार्यसमिती तथा सम्पुर्ण सदस्य ज्युहरु सम्मानका साथ सहभागी हुदै जाने” भन्नेमा सहमति गरियो।

यसरी पुन समाज र पुन मगर समाज यु.के. को पहिलो संयुक्त वार्तामा संस्थाको बिधी बिधान र कार्यनितीको बारेमा उल्लेखित अनुसार सहमति भए पनी संस्थाको नाम के रहने भन्ने बिषयमा सहमति हुन सकेन। यो बैकल्पिक नामको प्रस्ताब् समाज एकता संयोजन् समिती बाट आएको पनि होइन तर समाज एकता गर्ने नै हो भने र नाममा सहमति नहुने हो भने यो भन्दा उपयुक्त अरु बिकल्प पनि थिएन। त्यसैले सोही अनुसार दुबै समाजलाई आ-आफ्नो समाज बाट यो बैकल्पिक नामको प्रस्ताब् पारीत गरेर आउनुस् भनेर निर्णय गरिएको थियो।

जुन दिन निम्न लिखित आचारसंहिताहरुको पालना गर्दै कार्यसमितिका पदाधिकारी ज्युहरुको उपस्थिति रहेको थियो।

**पुन समाज/पुन मगर समाज यु.के.को संयुक्त बार्ताको लागि समाज एकीकरण अभियान संयोजन समिति यु.के. द्वारा जारि गरिएको आचारसंहिताहरु निम्न लिखित रहेका छन।**

१. संयुक्त बार्तामा बस्दा र छलफलको विषयमा आफ्नो बिचार राख्दा शिष्ट भाषा र अनुशासित भएर राख्नु पर्नेछ।

२. समाजको विषयमा बिचार राख्दा ब्यक्तिलाई आरोप प्रत्यारोप गर्ने गराउने गर्न पाउने छैन र कसैले पारिवारिक कुराहरु जोड्न पाउनेछैन।

३. छलफलको विषयमा बोल्ने क्रममा अरु कसैं बोलिरहेको छ भने बिचमैं उठेर उहाको आलोचना गर्ने कुरा काट्ने वा फरक मत दिईहाल्ने गर्न पाउने छैन यदि फरक मत भएमा संबन्धित ब्यक्ति बोलिसकेपछि संयोजन समितीको अनुमति लिएर मात्र बोल्नु पाउनेछ। यदि कसैं सदस्यले उल्यखित व्यवहारमा प्रस्तुत भएमा संयोजन समितिले तिन पटक सम्म सजक गराउने छ तर सो भन्दा पनि माथि उल्यखित नियम उलंघन गरेमा केहि समय वा पुरै समयको लागि हल बाहिर पठाउन सक्नेछ।

४. बार्ता बैठक चलिरहदा मोबाइल वा क्यामरा बाट फोटो भिडियो खिच्न र सामाजिक संजालमा पोस्ट गर्न मनाही छ । फोटो खिच्नु परेमा संयोजन समितीको अनुमति लिनुपर्नेछ तर भिडियो संयोजन समिति सदस्य बाहेक अरु कसैले खिच्न पाउने छैन ।

५. बार्तामा छलफल चलिरहदा अमर्यादित र अशिष्ट रुपमा प्रस्तुत भइ झगडा गर्ने वा गराउने कार्य गरेमा संयोजन समितिले बार्ता समिति बाट निष्काशन गरि निकट भविष्यमा प्रकाशन वा प्रस्तुत गर्ने समाज एकता अभियान संयोजन समितिको पूर्ण प्रतिवेदनमा उल्येख गरिनेछ ।

६. सबैं सदस्यहरुको समाज प्रतिको भावना र विचारहरु सम्मान गर्दै दुवैं समाज एकताको लागि सस्थाको तर्फ देखि कुनैं पनि सहायोग गर्न सधैं तत्परछौं र बार्तामा सधैं सहभागी रहने छौं ।

७. समाज एकताको लागि अन्तिम समय सम्म गरिएका छलफल, बिचार र सुझावहरुलाई सम्मान गर्दै सबैं बार्ता सदस्यहरु बाट आएको सुझाव, विचार र छलफल बाट आएको निष्कर्षलाइ सम्मान सहित सहमति जनाउदैं एउटैं समाज बनाउने प्रण गर्दछौं ।

श्री एक बहादुर फगामी पुन
अध्यक्ष
पुन समाज यु.के.
12 MAY 2018

श्री तेज राम्जाली पुन मगर
अध्यक्ष
पुन मगर समाज यु.के.
12 MAY 2018

**पुन समाज/पुन मगर समाज यु.के.को संयुक्त बार्ताको लागि समाज एकीकरण अभियान संयोजन समिति यु.के. द्वारा जारि गरिएको आचारसंहिताहरुलाइ पालना गर्नेछौ भन्दै उपस्थितिको पनि हस्ताक्षर गर्दछौ।**

मिति १२ मे २०१८

| क्र/सं | जिम्वेवारी | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | संस्थापक अध्यक्ष | सन्त पुन | |
| २ | निबर्तमान अध्यक्ष | अति पहरे पुन | |
| ३ | निबर्तमान अध्यक्ष | बिल पुर्जा पुन मगर X | |
| ४ | अध्यक्ष | एक फगामी पुन | |
| ५ | अध्यक्ष | तेज राम्जाली पुन मगर | |
| ६ | उपाध्यक्ष | धन पुन X | |
| ७ | उपाध्यक्ष | बल बहादुर पुर्जा पुन मगर | |
| ८ | उपाध्यक्ष | मेघ तिलिजा पुन | |
| ९ | महिला उपाध्यक्ष | अम्बु पुर्जा पुन मगर X | |
| १० | महा सचिब | तिलक पहरे पुन | |
| ११ | महा सचिब | तुलचन्द्र तिलिजा पुन मगर | |
| १२ | सचिब | निल प्रसाद पुर्जा पुन | |
| १३ | सचिब | मेशमान पुर्जा पुन मगर | |
| १४ | कोषाध्यक्ष | राम तिलिजा पुन | |
| १५ | कोषाध्यक्ष | ललित गर्बुजा पुन मगर | |
| १६ | सह - कोषाध्यक्ष | राम पाइजा पुन X | |
| १७ | सह - कोषाध्यक्ष | लिल बहादुर अर्मजा पुन मगर | |
| १८ | महिला प्रमुख | राधा गर्बुजा पुन | |
| १९ | युवा प्रमुख | चन्द्र पुन X | |
| २० | युवा प्रमुख | मनु गर्बुजा पुन मगर X | |

एकता अभियानको उदेस्य र बैकल्पिकमा जानु पर्ने किन भन्ने कुरा सदस्यहरुलाई जानकारी गराई १७ जुन २०१८ मा बसेको पुन मगर समाज यु.के.को भेलाले एकताको लागि बैकल्पिक नाममा भए पनि जाने निर्णय गर्नु भयो। तर पुन समाज यु.के.ले एकता अभियानको उदेस्य र बैकल्पिकमा जानु पर्ने किन भन्ने कुरा सदस्यहरुलाई पूर्ण रुपमा जानकारी नगराई एरिया प्रतिनिधि ज्युहरुको भरोसामा उहाहरु मार्फत खुल्ला मत संकलन गर्नु भयो र ३० जुन २०१८ मा पुन समाज यु.के.को कार्यसमिती लगाएत इच्छुक व्यक्तिहरुको उपस्थिति हुन सक्ने गरि आब्हान गरेको बैठकमा पुन समाज मै रहने पक्षमा बहुमत मत आएको जानकारी गराउनु भयो।

**१७ जुन २०१८ मा पुन मगर समाज यु.के. को भेलाले निर्णय गरी संयोजन समितिलाई पठाएको पत्र**

Pun Magar Samaj Uk — 20 Jun

to me

आदर्णीय एकता सन्योजन समिती का सचिब ईन्द्र पुर्जा ज्यु नमस्कार,

गए को आईतवार १७ गते जुन महिना मा पुन मगर समाज यु के ले समाज एकिकरन को बिषय मा बसेको बैठक मा निम्न कुरा हरु सर्बसम्मती बाट पारीत गरेको छ।

१, समाज एकिकरन मा पुन मगर समाज यु के कैहिल्यै पनि बाधक नबन्ने।

२, बसे को बैठक ले सर्ब सम्मती बाट बैकल्पिक कुनै एक नाम मा समाज एकिकरन हुन राजी भए को निर्णय पनि पारीत गरे को छ्।

३, एकक्रित कपकिली समाज यु के एउटा बैकल्पिक नाम रहे पनि पुन मगर समाज यु के अरु सबै लाई मिल्ने सुहाउदो नाम को खोजी गरिरहेको छ् र् आउने १५ जुलाई को दिन भित्र मा ति रोजिएका बैकल्पिक नाम हरु पनि यहाँ हरु समक्षा प्रस्तुत गर्नेछ।

अन्त मा समाज एकिकरन मा पुन मगर समाज यु के पूर्ण सकामारत्मक रहेको जानकारी गराउदै बिदा हुन चाहन्छु । नमस्कार।

तुलचन्द्र तिलिजा पुन मगर
सचिब
पुन मगर समाज यु के

# ३० जुन २०१८ मा पुन समाज यु.के. को भेलाले निर्णय गरी संयोजन समितिलाई पठाएको पत्र

**Pun Samaaj UK**
to me

3 Jul (1 day ago)

श्री अर्जुन तिलिजा ज्यू

मिति: ४/जुलाई/२०१८

संयोजक

समाज एकीकरण अभियान संयोजन समिति यूके,

विषय: समाज एकिकरणको लागि वैकल्पिक नाममा जाने बारे

महोदय,

उपरोक्त विषयमा गत शनिवार ३० जुन २०१८ को दिन पुन समाज यूकेले समाज एकिकरणको लागि वैकल्पिक नाममा जाने या पुन समाज यूके मै रहने भनि सम्पन्न गरेको खुल्ला मतदानमा पुन समाज यूके मै रहनेको बहुमत आएकोले समाज एकिकरणको लागि पुन समाज यूके वैकल्पिक नाममा नजाने आधिकारिक निर्णय गरेको जानकारी गराउन चाहन्छौं / साथै पुनहरु मगर जाति अन्तर्गत पर्ने एउटा प्रमुख थर हो भनि पुन समाज यूकेले आफ्नो विधानमा प्रष्ट पार्दै अघि बढेको समाज भएकोले समाजको नाम पुन समाज यूके नै राखी एकता गर्न पुन मगर समाजलाई फेरि पनि आग्रह गर्दै यदी पहल गर्न पुन मगर समाज तयार हुने हो भने यो अभियानलाई पनि निरन्तर राख्न चाहन्छौं / धन्यवाद

...



Tilak Pahare Pun

Gen-Secretary

Pun Samaaj UK

# समाज एकिकरण संयोजन् समितीको चौथो तथा पुन समाज र पुन मगर समाजका पदाधिकारी ज्युहरु सँग बसेको दोस्रो वार्ता / बैठक र निर्णयहरु :

**१५ जुलाई २०१८ मा भएका छलफलहरु :**

माथि उल्लेखित दुबै समाजको निर्णयहरु दुबै समाजको अध्यक्ष् हरु ले औपचारिक रुपमा जानकारी गराउनु भयो। पुन समाज यु.के. ले कुनै पनि बैकल्पिक नाममा नजाने र एकता प्रकृया अहिलेलाई अन्त गर्ने निर्णय र पुन मगर समाज यु.के. ले अरु कुनै पनि बैकल्पिक नाम मा जान अझै तयार रहेको र केही बैकल्पिक नाम पनि प्रस्तुत गर्नु भयो।

कुनै पनि बैकल्पिक नाम मा नजाने पुन समाजको अडान र अरु कुनै पनि बैकल्पिक नाममा जान तयार रहेको पुन मगर समाज यु.के.को लचकता बीच उपस्थित ब्यक्तिहरु बाट एकता जरुरी छ, एकता जसरी पनि हुनुपर्छ समाधानको उपाय अझै खोजौ भन्दै विभिन्न किसिमका सँम्बाद, छलफल अनि सुझाबहरु आएपछी  एकीकरण संयोजन समितिले अहिले सम्म आएका सुझाब, सल्लाहरुलाई हेरी अन्तिम नयाँ बिकल्प स्वरुप **"एकता अधिवेशन आयोजक समिती पुन समाज / पुन मगर समाज यु.के."** नाम राखेर एकिक्रित भै बिशेष एकता अधिवेशनमा जाने, दुबै समाजका कार्यसमितिहरु अधिवेशन आयोजक समितीमा रहने, दुबै समाजका सल्लाहकारहरु अधिवेशन आयोजक समितिको सल्लाहकारमा नै रहने, एकताको बिशेष अधिवेशन नहुँदा सम्म दुबै समाजको आगामी कार्यक्रमहरु यहि अधिवेशन आयोजक समितिले गर्ने र एकता अधिवेशन बाट सहमतिमा र सहमति नभए बहुमतिय प्रणाली बाट समाजको नाम र कार्यसमितीको टुंगो लगाउने प्रस्ताव प्रस्तुत गरियो उक्त प्रस्ताबमा पुन मगर समाज यु.के.ले सहमति जनाउनु भयो तर पुन समाज यु.के. बाट सहमति हुन नसक्ने जानकारी अध्यक्षले गराई रहदै गर्दा बार्तामा उपस्थित आफ्नै कार्यसमितीबाट भने असन्तुष्टि आएपछि पुन: पुन समाजलाई केहि समय थप गरायौ। जुन समय उहाहरुको लागि ज्यादै नै जटिल रह्यो। पछी पुन समाज यु.के. लाई  यस प्रक्रियामा सहमति जनाउन एक महिनाको समय माग गर्न अनुरोध गर्दा समेत माग नगरी ३० जुन २०१८ को समाजको निर्णय नै अन्तिम भएको भन्दै पुन समाज युके यस  प्रक्रियालाइ अन्त्य गर्ने निष्कर्समा पुग्यो जुन हामी एकीकरण संयोजन समिती लगाएत उपस्थित सम्पुर्ण सहभागी ब्यक्तित्वहरुमा दुखको क्षण रह्यो। ।



पुन समाज / पुन मगर समाज युके

जुन दिन निम्न लिखित आचारसंहिताहरुको पालना गर्दै कार्यसमितिका पदाधिकारी ज्युहरु र सल्लाहकार ज्युहरुको उपस्थिति रहेको थियो।

**पुन समाज/पुन मगर समाज यु.के.को संयुक्त बार्ताको लागि समाज एकीकरण अभियान संयोजन समिती यु.के. द्वारा जारि गरिएंको आचारसंहिताहरु निम्न लिखित रहेका छन्।**

१. संयुक्त बार्तामा बस्दा र छलफलको विषयमा आफ्नो बिचार राख्दा शिष्ट भाषा र अनुशासित भएर राख्नु पर्नेछ।

२. समाजको विषयमा बिचार राख्दा ब्याक्तिलाई आरोप प्रत्यारोप गर्ने गराउने गर्न पाउने छैन र कसैले पारिवारिक कुराहरु जोड्न पाउनेछैन।

३. छलफलको विषयमा बोल्ने क्रममा अरु कसै बोलिरहेको छ भने बिचमै उठेर उहाको आलोचना गर्ने कुरा काट्ने वा फरक मत दिईहाल्ने गर्न पाउने छैन यदि फरक मत भएमा संबन्धित ब्याक्ति बोलिसकेपछि संयोजन समितीको अनुमति लिएर मात्र बोल्नु पाउनेछ। यदि कसै सदस्यले उल्यखित व्यवहारमा प्रस्तुत भएमा संयोजन समितिले तिन पटक सम्म सजक गराउने छ तर सो भन्दा पनि माथि उल्यखित नियम उलंघन गरेमा केहि समय वा पुरै समयको लागि हल बाहिर पठाउन सक्नेछ।

४. बार्ता बैठक चलिरहदा मोबाइल वा क्यामरा बाट फोटो भिडियो खिच्न र सामाजिक संजालमा पोस्ट गर्न मनाही छ । फोटो खिच्नु परेमा संयोजन समितीको अनुमति लिनुपर्नेछ तर भिडियो संयोजन समिति सदस्य बाहेक अरु कसैले खिच्न पाउने छैन ।

५. बार्तामा छलफल चलिरहदा अमर्यादित र अशिष्ट रुपमा प्रस्तुत भइ झगडा गर्ने वा गराउने कार्य गरेमा संयोजन समितिले वार्ता समिति बाट निष्काशन गरि निकट भविष्यमा प्रकाशन वा प्रस्तुत गर्ने समाज एकता अभियान संयोजन समितिको पूर्ण प्रतिवेदनमा उल्येख गरिनेछ ।

६. सबै सदस्यहरुको समाज प्रतिको भावना र विचारहरु सम्मान गर्दै दुवै समाज एकताको लागि सस्थाको तर्फ देखि कुनै पनि सहायोग गर्न सधैं तत्परछौं र बार्तामा सधैं सहभागी रहने छौं ।

७. समाज एकताको लागि अन्तिम समय सम्म गरिएका छलफल, बिचार र सुझावहरुलाई सम्मान गर्दै सबै बार्ता सदस्यहरु वाट आएको सुझाव, विचार र छलफल वाट आएको निष्कर्षलाइ सम्मान सहित सहमति जनाउदै एउटै समाज बनाउने प्रण गर्दछौं ।

श्री एक बहादुर फगामी पुन
अध्यक्ष
पुन समाज यु.के.

१५ जुलाई २०१८

श्री तेज राम्जाली पुन मगर
अध्यक्ष
पुन मगर समाज यु.के.

पुन समाज/पुन मगर समाज यु.के.को संयुक्त बार्ताको लागि समाज एकीकरण अभियान संयोजन समिति यु.के. द्वारा जारि गरिएको आचारसंहिताहरुलाइ पालना गर्नेछौ भन्दै उपस्थितिको पनि हस्ताक्षर गर्दछौ।

मिति १५ जुलाई २०१८

| क्र/सं | जिम्वेवारी | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | संस्थापक अध्यक्ष | सन्त पुन | |
| २ | निबर्तमान अध्यक्ष | अति पहरे पुन | |
| ३ | निबर्तमान अध्यक्ष | बिल पुर्जा पुन मगर | |
| ४ | अध्यक्ष | एक फगामी पुन | |
| ५ | अध्यक्ष | तेज राम्जाली पुन मगर | |
| ६ | उपाध्यक्ष | धन पुन | |
| ७ | उपाध्यक्ष | बल बहादुर पुर्जा पुन मगर | |
| ८ | उपाध्यक्ष | मेघ तिलिजा पुन | |
| ९ | महिला उपाध्यक्ष | अम्बु पुर्जा पुन मगर | |
| १० | महा सचिब | तिलक पहरे पुन | |
| ११ | महा सचिब | तुलचन्द्र तिलिजा पुन मगर | |
| १२ | सचिब | निल प्रसाद पुर्जा पुन | |
| १३ | सचिब | मेशमान पुर्जा पुन मगर | |
| १४ | कोषाध्यक्ष | राम तिलिजा पुन | |
| १५ | कोषाध्यक्ष | ललित गर्बुजा पुन मगर | |
| १६ | सह - कोषाध्यक्ष | राम पाइजा पुन | |
| १७ | सह - कोषाध्यक्ष | लिल बहादुर अर्मजा पुन मगर | |
| १८ | महिला प्रमुख | राधा गर्बुजा पुन | |
| १९ | युवा प्रमुख | चन्द्र पुन | |
| २० | युवा प्रमुख | मनु गर्बुजा पुन मगर | |

पुन समाज/पुन मगर समाज यु.के.को संयुक्त बार्ताको लागि समाज एकीकरण अभियान संयोजन समिति यु.के. द्वारा जारि गरिएको आचारसंहिताहरुलाइ पालना गर्नेछौं भन्दै उपस्थितिको पनि हस्ताक्षर गर्दछौं।

मिति १५ जुलाई २०१८

| क्र/सं | जिम्वेवारी | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | सल्लाहकार | भूपू क्या चन्द्र बहादुर पहरे पुन | |
| २ | सल्लाहकार | श्री मनबिर पाइजा | |
| ३ | सल्लाहकार | भूपू मेज गम बहादुर बुदुजा पुन | |
| ४ | सल्लाहकार | श्री मन बहादुर पुर्जा | |
| ५ | सल्लाहकार | भूपू मेज बिष्णु गर्बुजा पुन | |
| ६ | सल्लाहकार | श्री हर्क खोर्जा | |
| ७ | सल्लाहकार | भूपू क्या घनश्याम तिलिजा पुन | |
| ८ | सल्लाहकार | श्री भिम चोचांगी | |
| ९ | सल्लाहकार | श्री आइत बहादुर तिलिजा पुन | |
| १० | सल्लाहकार | श्री मोती तिलिजा पुन | |
| ११ | सल्लाहकार | श्री शेर अर्मजा पुन | |
| १२ | सल्लाहकार | श्रीमती यशोधा गर्बुजा पुन | |
| १३ | सल्लाहकार | श्री बिर्ख पुर्जा पुन | |
| १४ | | फणेन्द्र खोरजा। | |
| १५ | | भू.पु. ले. राजु सेर्बुजा पुन | |

पुन समाज/पुन मगर समाज यु.के.को संयुक्त बार्ताको लागि समाज एकीकरण अभियान संयोजन समिति यु.के. द्वारा जारि गरिएको आचारसंहिताहरुलाइ पालना गर्नेछौं भन्दै उपस्थितिको पनि हस्ताक्षर गर्दछौं।

मिति १५ जुलाई २०१८

| क्र/सं | जिम्वेवारी | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | क्षेत्रिया प्रतिनिधी | श्री दान गर्बुजा पुन | |
| २ | पुर्ख्यौली | श्री ज्ञान बहादुर पाइजा पुन | |
| ३ | क्षेत्रिया प्रतिनिधी | श्री बागबिर गर्बुजा पुन | |
| ४ | क्षेत्रिया प्रतिनिधी | श्रीमती पार्वती पुर्जा पुन | |
| ५ | कर्मकाण्ड | श्री देउजित तिलिजा पुन | |
| ६ | क्षेत्रिया प्रतिनिधी | श्रीमती पार्वती पहरे पुन | |
| ७ | पुर्ख्यौली | श्री चिन बहादुर पुर्जा पुन | |
| ८ | पुर्ख्यौली | श्री खुम बहादुर गर्बुजा पुन | |
| ९ | खेलकुद प्रतिनिधी | श्री हरी कृष्ण पुर्जा पुन | |
| १० | सास्कृतिक प्रतिनिधी | सुश्री रिता थजाली पुन | |
| ११ | क्षेत्रिया प्रतिनिधी | श्री मेख बहादुर पुर्जा पुन | |
| १२ | क्षेत्रिया प्रतिनिधी | श्रीमती पूर्ण गर्बुजा पुन | |
| १३ | वेब मास्टर | श्री सुनिल पाइजा पुन | |
| १४ | सम्पत्ती प्रतिनिधी | श्री बहादुर पुर्जा पुन | |
| १५ | क्षेत्रिया प्रतिनिधी | भूपू क्या युबराज गर्बुजा पुन | |
| १६ | क्षेत्रिया प्रतिनिधी | श्री होम बहादुर फगामी पुन | |

अन्तमा, अहिलेको लागि दुबै समाजको एकता अभियान टुङिएको छ। समाज एकीकरण अभियान संयोजन् समितिले माथि नै प्रस्ट पारिसकेको छ कि हाम्रो दुबै समाज प्रती कुनै पुर्वाग्रह छैन हामी कुनै एक समाजको लागि मात्रै होइन दुबै समाजलाई हेर्ने बुझ्ने र निर्णय प्रक्रियामा हाम्रो भूमिका बराबरी र निस्पक्ष रहनु पर्थियो र रह्यो पनि। हामीले यथार्थ र वास्तविक् कुराहरु जो यो अभियानमा देख्यौ सबै छर्लङ रूपमा सबै बेलायतबासी पुनहरु माझ राखीदिनु समाज एकीकरण अभियान संयोजन् समितिको कर्तब्य र धर्म पनि हो। एकीकरण अभियान संयोजन् समितिले एकताको लागि सक्दो प्रयास गरेकै हो। यो एकता अभियानमा हामीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सल्लाह सुझाब र सहयोग गर्नु हुने सबैमा हृदय देखी धन्यबाद् ब्यक्त गर्दछौ। एकता अभियान संयोजन् समिती मार्फत दुबै समाज अहिलेलाई एकिकरण गर्न नसकियता पनि र यो समिती नरहे पनि ब्यक्तिगत रूपमा एकिकरणको दबाब सदा र सधैं रहनेछ। हाम्रो समाजमा देखिएको समस्याहरुलाई सदाको लागि निर्मुल पार्ने काम बेलायतबासी तपाईं हामी सबै पुनहरुको पनि हो। त्यसैले आ-आफ्नो ठाउँ क्षेत्र बाट सबैले एकताको लागि दबाब दिनु हुनेछ भन्ने अनुरोध पनि गर्दछौ।

धन्यबाद ।

संयोजक -: अर्जुन तिलिजा
सह संयोजक -: गंगा खोरजा
सदस्य सचिव -: ईन्द्र पुर्जा
सह सचिव/कोष -: थमन खोरजा
प्रवक्ता -: कुमार फगामी
मिडिया -: भिम पुर्जा

**!!समाप्त!!**